☎ ०१०-५६००६३
५६०४६९

# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट,
वागमती प्रदेश, नेपाल

प.सं.: ०७८/७९
च.नं.: ५३०१

मितिः-२०७९/०३/०३

**बिषयः- कर वापतको रकम भुक्तानी सम्बन्धमा ।**

श्री बैंक, बिमा, लघुवित्त तथा
अन्य वित्तिय संस्था

प्रस्तुत बिषयमा विदुर नगरपालिकाको नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०७८ को दफा ६, अनुसार न.पा. भित्र कार्यालय वा शाखा, उपशाखा वा सेवा केन्द्र स्थापना गरी कारोवार गर्ने सबै प्रकारका बैंक तथा बित्तीय संस्था/निकायले अनुसूची ४ मा तोकिएको तपशिलका करका दर अनुसारका दायित्वहरुलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित अन्य कर सम्बन्धी कानुन अनुसार सम्बन्धित स्थानीय तहलाई (चालु आ.व.को र गत बिगत आ.ब.को बांकी बक्यौता भएमा सो समेत) बुझाउनुपर्ने ब्यवस्था भए अनुसार त्यस निकायले बुझाउनु पर्ने घर बहाल कर, ब्यवसाय कर र होर्डिङबोर्ड करहरु २०७९ आषाढ २० गतेसम्म अनिवार्य तिर्नु बुझाउनुहुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजातः**

१) घरधनीसंगको सम्झौताको फोटोकपी
२) कर चुक्ताको प्रतिलिपी
३) बैंक/वीमा/लघुबित्तहरुको शाख/उपशाखा/सेवा केन्द्र विस्तारको पत्र (नयां शाखा उपशाखा/सेवा केन्द्र स्थापना भएको हकमा)

**करका दरहरुः**

**अ) घर बहाल कर :**

१) घरभाडा करको हकमा सम्झौतामा उल्लेख भएको रकमको १० प्रतिशतले हुने रकम

**आ) ब्यवसाय कर :**

१) 'क' वर्गका बैंक/बित्तीय संस्थाको ब्यवसाय कर रु ३०,०००। (बार्षिक)
२) 'ख' वर्गका बैंक/बित्तीय संस्थाको ब्यवसाय कर रु २५,०००। (बार्षिक)
३) 'ग' वर्गका बैंक/बित्तीय संस्थाको ब्यवसाय कर रु २०,०००। (बार्षिक)
४) 'घ' वर्गका बैंक/बित्तीय संस्थाको ब्यवसाय कर रु १५,०००। (बार्षिक)

**आ) होर्डिङ वोर्डको :**

१) ग्लोसाइन वोर्डः रु ९०। प्रति वर्ग फिट
२) सादा होर्डिङवोर्ड रु ७५/प्रति वर्ग फिट

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत